## धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कर असुल गर्ने सम्बन्धी

## बोलपत्र आह्वानको सार्वजनिक सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०७९/०६/२५**

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष ०७९/८० को अवधिका लागि धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम तपशिलका स्थानहरुवाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कर संकलन गर्न बढाबढद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले पुन: यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रहि तोकिएको अवधिभित्र शिलवन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ।

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र,आर्थिक वर्ष ०७७/७८ को कर चुक्ता गरेको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र निर्माण व्यवसायी इजाजत पत्र निवेदन साथ संलग्न राखि माग गरे पश्चात नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. शिलबन्दी बोलपत्र ८ औं दिनको दिन दिउसो १२.०० बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

३. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम धुर्कोट गाउँपालिकाको सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं.०९१०५०१३०७७०१००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ। साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ।

४. तोकिएको समय भित्र पेश भएका बोलपत्र सोही दिनको दिउसो २.०० बजे कार्यालयमा खोलिने छ।

५. स्वीकृत कवोल गरेको रकम बढीमा तीन किस्ता गरि बुझाउनु पर्नेछ। सम्झौता गर्दाको समयमा एक मुष्ठ बुझाउन चाहेमा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ।

६. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौतापूर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ। अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ। रित नपुगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. नियमानुसार लाग्ने सम्पूर्ण कर निर्माण व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ।

९. नेपाल सरकार र धुर्कोट गाउँपालिकाले समय समयमा दिइएको नीति निर्देशन तथा आदेशको पालना गर्नु ठेक्का सम्झौता कर्ताको कर्तव्य हुनेछ। कुनै कारण जनाई निजलाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ।

१०. ठेक्का कबोल गर्ने पक्षले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाई यस कार्यालबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ।

११. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको दरभाउ पत्र स्वीकृत हुने छैन।

१२. दरभाउ सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटी तथा गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.npमा पनि हेर्न सकिने छ।

१३. अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

१४.यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. अन्य थप जानकारीको लागि ९८५७०६७९१७, ९८५७०२३३४४, ९८६७९२३८२० मा सम्पर्क गर्न सक्नु हुनेछ ।

तपशिल

| ठेक्का नं. | मालवस्तुको विवरण | न्युनतम कवोल अङ्क | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०२/०७९/८० | पनाहाखोला कपासे देखि ठुल्दी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | रु. ३,७४,६७०।- | रु.१,०००।- | |
| ०४/०७९/८० | पनाहाखोला जुरेढुङ्गा देखि वडाचौर सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | रु. २,२८,८००।- | रु.१,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत